भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प. सं. २०८१/०८२ (प्रशासन)
च. नं. ४५८१

मिति: २०८१।१०।२८
ने. सं. ११४५ सिलाथ्व १३ सोमवार

विषयः "विराट् चक्र विज्ञान" कार्यक्रममा सहभागिता सम्बन्धमा ।

श्री जनप्रतिनिधिज्यूहरु तथा कर्मचारीहरु सबै।
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा मिति २०८१।११।११ देखि २०८१।११।१७ गतेसम्म सुन्दर पर्यटकीय नगरी पोखरामा "नेपालको मौलिक ज्ञान, स्वजागरण ध्यान, हिमालको काखमा, विराट् चक्र विज्ञान" भन्ने भावका साथ "विराट् चक्र विज्ञान" कार्यक्रम हुन गइरहेको छ ।
साथै गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा २०८१ फागुन १० गते पोखरा रङ्गशालामा हुने "गण्डकी स्वजागरण उत्सव" मा समेत सहभागिताका लागि आदेशानुसार अनुरोध छ ।
नोटः कार्यक्रमसँग सम्बन्धित जीवन विज्ञान प्रतिष्ठानको पत्र यसै सूचनासाथ संलग्न छ ।
सम्पर्क नं. ९८४५०५०६६९, ९८५१०१२३९२, ९८४५२०९४१७
जीवन विज्ञान परिषद, चितवन ।

..................................
(राजन सापकोटा)
शाखा अधिकृत

बोधार्थः
श्री वडा कार्यालयहरु सबै- *उक्त कार्यक्रममा वडा अन्तर्गतका सबै टोल विकास संस्था, सामाजिक संघ-संस्था, युवा क्लबका पदाधिकारीहरुलाई सहभागिता गराइदिनुहुन ।*

श्री शैक्षिक प्रशासन महाशाखा, भरतपुर महानगरपालिका- *उक्त कार्यक्रममा महानगर अन्तर्गतका सबै सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुको सहभागिता गराइदिनुहुन ।*

*श्री सूचना तथा सञ्चार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः वेबसाइटमा अपलोड गरिदिनुहुन ।*

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
पेश भए बमोजिम सूचना सम्प्रेषण गर्ने आदेश दिनुहुन।

फोन नं. ०५६-५११४६७,५२१४६७,५११०८०,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१४
E-mail: bmc@ntc.net.np Website: bharatpurmun...

CamScanner

जीवन विज्ञान

# जीवन विज्ञान प्रतिष्ठान

•सुख •शान्ति •समृद्धि

दर्ता नं. जि.प्र.का ३४३
पान नं. ६०३३४७५७३

च.नं. १०९८
प.सं. ०८१/०८२

मिति : २०८१/१०/०७

श्रीमान नगर प्रमुख ज्यु

भरतपुर महानगरपालिका

भरतपुर, चितवन, बागमती प्रदेश

विषय : 'विराट् चक्र विज्ञान' कार्यक्रममा सहभागिताका लागि समन्वय र सञ्चार गरिदिने सम्बन्धमा ।

शारीरिक, मानसिक, भावनात्मक, बौद्धिक र चेतनागत स्वास्थ्य आर्जन गर्न, कार्यक्षमतामा विकास गर्न, तनावरहित जीवन जिउने कलाको विकासका लागि सुन्दर पर्यटकीय नगरी पोखरामा २०८१/११/११ देखि २०८१/११/१७ गतेसम्म **'नेपालको मौलिक ज्ञान, स्वजागरण ध्यान, हिमालको काखमा, विराट् चक्र विज्ञान'** भन्ने भावका साथ **'विराट् चक्र विज्ञान'** हुन गइरहेको छ ।

६ हजारभन्दा बढीको सहभागितामा जीवन विज्ञान प्रतिष्ठानका संस्थापक श्रद्धेय रमेश गुरुदेव र श्रद्धेय भानु गुरुदेवको सानिध्यतामा हुने विराट् चक्र विज्ञानमा त्यसपालिकाबाट बढीभन्दा बढी जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थीलगायत आमनागरिकलाई सहभागी गराई लाभ लिनुहुनका साथै त्यस पालिकाका वडा कार्यालय, विद्यालय साथै विभिन्न सामाजिक संघसंस्थालाई समन्वय र सञ्चार गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

साथै गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा २०८१ फागुन १० गते पोखरा रङ्गशालामा हुने **'गण्डकी स्वजागरण उत्सव'**मा सहभागिताका लागि समेत समन्वय र सञ्चार गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

*विराट् चक्र विज्ञान कार्यक्रमको विस्तृत विवरणसहितको ब्रोसर यसैसाथ संलग्न गरिएको छ ।*

जीवन विज्ञान

अभिषेक अधिकारी
व्यवस्थापक

भरतपुर महानगरपालिका
दर्ता नं. ६८३५
मिति १०।१८

*पुनश्च: सहभागीका लागि हरेक दिन ६:३० बजेबाट चियापान, ९:३० बजे नास्ता, १:३० बजे दिवा भोजनको व्यवस्था हुनेछ । साथै विराट् चक्र विज्ञानमा सहभागिता शुल्क प्रतिव्यक्ति रु.१०,०००/- (अक्षरेपी दश हजार रुपैयाँ मात्र) लाग्नेछ ।*

जीवन विज्ञान
• सुख • शान्ति • समृद्धि

नेपालको मौलिक ज्ञान, स्वजागरण ध्यान, हिमालको काखमा

# विराट् चक्र विज्ञान






## परिचय

प्रत्येक व्यक्तिभित्र बीज रूपमा लुकेर बसेको अनन्त सम्भावनालाई योगाभ्यास, प्राणायाम, ऊर्जाध्यान र मनोविज्ञानका विधिहरूबाट जागृत गराउन वैज्ञानिक र प्रयोगात्मक अभ्यास गर्दै आएको कार्यक्रम हो "चक्र विज्ञान" । गत चैतमा लुम्बिनीमा ५,३०० जनाभन्दा बढी सहभागीहरूको साथमा पहिलो "विराट् चक्र विज्ञान" भव्यताका साथ सम्पन्न भएको थियो ।





## कार्यक्रमको उद्देश्य

- व्यक्तिभित्र नैसर्गिक रूपमा रहेका स्वास्थ्य, सुख, प्रेम, ज्ञान, आत्मविश्वास, सङ्कल्प र आनन्दको अद्भूत क्षमता र सम्भावनालाई उजागर गरी सुखी, शान्त र समृद्ध व्यक्ति, समाज र राष्ट्र निर्माणको आधार तयार गर्नु ।
- तपोभूमि, ध्यानभूमि, बुद्धभूमि र शान्तिभूमि नेपालको ध्यानको मौलिक शिक्षालाई सामूहिक रूपमा विश्वमाझमा फैलाई नेपाललाई एक उत्कृष्ट आरोग्य पर्यटकीय गन्तव्य स्थलको रूपमा स्थापित गर्ने आधार तयार गर्नु ।

## स्वजागरण अभियान

नेपाल सरकार र यसका विभिन्न निकाय साथै बिभिन्न संघसंस्थाको सहकार्यमा सञ्चालन हुँदै आएको स्वजागरण अन्तर्गत प्रत्येक वर्ष एउटा प्रदेशमा विशेष कार्यक्रम हुन्छ। २०८१ को गण्डकी स्वजागरण उत्सव पोखरामा हुँदैछ। राष्ट्रभक्ति, प्रेम, सेवा, करुणा, शान्ति, सकारात्मक सोचको विकास गर्दै नवयुग निर्माण गर्नु यस अभियानको मुख्य उद्देश्य हो ।

**स्वजागरण ध्यान विधि**

गणेश मार्ग (गणेशस्थान नजिकै), चावहिल, काठमाडौं
01-4572830 info@jeevanvigyan.org www.jeevanvigyan.org
www.youtube.com/@jeevanvigyan www.facebook.com/jeevanvigyannp

CamScanner



## कार्यक्रमहरूको विवरण

### गण्डकी स्वजागरण उत्सव

- मिति : २०८१ फागुन १० गते
- स्थान : पोखरा रङ्गशाला, पोखरा-कास्की
- समय : बिहान ११:३० बजेदेखि ४:०० बजेसम्म

### विराट् चक्र विज्ञान

- मिति : २०८१ फागुन ११ गतेदेखि १७ गतेसम्म
- स्थान : पोखरा रङ्गशाला, पोखरा, कास्की
- समय : बिहान ७:३० बजेदेखि साँझ ५:०० बजेसम्म
- कार्यक्रम सञ्चालन : श्रद्धेय रमेश गुरुदेव र श्रद्धेय भानु गुरुदेवबाट प्रत्यक्ष
- कार्यक्रमको प्रकृया: प्रत्येक दिन एउटा चक्रको बारेमा व्याख्या साथै विविध आयामको प्रयोग र गहन अभ्यास



## विराट् चक्र विज्ञानबाट व्यक्ति, समाज र राष्ट्रलाई पुग्ने लाभहरू

- व्यक्तिमा तनाव, रोग र चिन्ता न्यून भइ उच्चतम खुसीको अनुभूति ।
- शरीर, मन र चेतना स्वस्थ, सक्रिय र ऊर्जावान भएको महसुस ।
- आध्यात्मिक साधना विधिमा स्पष्टता र मनमा प्रसन्नताको विकास ।
- आत्मविश्वास आँट, जोस, जाँगर, साहस र पुरुषार्थमा वृद्धि।
- दया, प्रेम र करुणा भावसँगै सम्मान र सहकार्य गर्ने क्षमताको विकास ।
- सङ्कल्प र निर्णय शक्तिको विकास, लक्ष्यमा एकरुपता र सुशासनमा अभिवृद्धि ।
- विवेकको जागरण, परम शान्ति र आनन्दको अनुभूति ।
- राष्ट्रियता, राष्ट्रिय एकता, भाइचारा र सौहार्दतापूर्ण वातावरणको सिर्जना ।
- योगभूमि, देवभूमि, बुद्धभूमि र तपोभूमिको सन्देश विश्वभर प्रवाह ।
- स्वस्थ, खुसी र समृद्ध परिवार, समाज र राष्ट्र बनाउने आधारको निर्माण ।
- नेपालको आध्यात्मिक र आरोग्य पर्यटनको महत्व र विशेषतालाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन सहयोग ।





नाम दर्ताका लागि

जीवन विज्ञान

Download on the App Store

GET IT ON Google Play